दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३२७ | बुटवल | २०८२ मंसिर २१ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday December 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## एनपीएलः

## फाइनल पुग्न सुदूरपश्चिम र विराटनगर भिड्ने

बुटवल । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)को फाइनलमा प्रवेशका लागि फेरि सुदूपश्चिम रोयल्स र विराटनगर किंग्स भिड्ने भएका छन् । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार सुदूरपश्चिमलाई हराउँदै विराटनगर पहिलो क्वालिफायरमा प्रवेश गरेको छ। सुदूरपश्चिमले दिएको एक सय ४८ रनको लक्ष्य विराटनगरले ११.५ ओभरमा चार विकेट गुमाएर पूरा गरेको हो ।

सुदूरपश्चिमसँग फराकिलो जित निकालेसँगै विराटनगर किंग्सले रनरेट पनि सुधार गरेको छ । समान १० अंक भएपछि नेट नररेटका आधारमा विराटनगर काठमाडौं गोर्खाजलाई पछि पार्दै पहिलो क्वालिफायरमा पुगेको हो । विराटनगरको नेट रनरेट ०.६८ छ भने काठमाडौंको ०.५४ छ।

सुदूरपश्चिम सातमध्ये ६ खेल जितेर यसअघि नै १२ अंकसहित अंक तालिकाको शीर्षस्थानमा रहेर पहिलो क्वालिफायरमा पुगिसकेको छ। पहिलो क्वालिफायरमा जित्ने टोली फाइनलमा प्रवेश गर्नेछ। अब पहिलो क्वालिफायरमा मंगलबार अपराह्न ४ बजे हुनेछ । पहिलो क्वालिफायरमा हार्ने टोलीले दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गर्न पाउनेछ । त्यस्तै, नेट रनरेटमा पछाडि परेको काठमाडौंले अब इलिमिनेटर खेल्नुपर्नेछ। इलिमिनेटरमा काठमाडौं र लुम्बिनी लायन्सको प्रतिस्पर्धा हुनेछ। यो खेल बुधबार हुनेछ।

इलिमिनेटरमा हार्ने टोली बाहिरिनेछ भने जित्ने टोली दोस्रो क्वालिफायरमा प्रवेश गर्नेछ । पहिलो क्वालिफायरमा हार्ने टोली र इलिमिनेटरमा जित्ने टोलीले दोस्रो क्वालिफायर खेल्नेछ। हार्ने टोली प्रतियोगिताबाट बाहिरिनेछ भने जित्ने टोली फाइनलमा प्रवेश गर्नेछ।

एनपीएलको फाइनल खेल शनिबार हुनेछ। एनपीएलको पहिलो सिजनमा फाइनल खेलमा सुदूरपश्चिमलाई हराउँदै जनकपुर बोल्टसले उपाधि जितेको थियो। यस पटक भने साविक विजेता जनकपुर लिग चरणबाटै बाहिरिएको छ।

## रूपन्देही–२ मा उम्मेदवार बन्ने निकोलसको घोषणा



बुटवल । निकोलस भनिने डा. कमल भुसालले आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा रूपन्देही क्षेत्र नम्बर-२ बाट उम्मेदवारी दिने घोषणा गरेका छन् । शनिबार बुटवलमा पत्रकार सम्मेलन गरी डा. भुसालले प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिने बताए।

२०७९ मा पनि रुपन्देही-२ मा उम्मेदवारी दर्ता गराए पनि छात्रवृत्तिमा चिकित्सा शास्त्र पढ्दा सरकारी कोषबाट रकम लिएको विषयमा उनीविरुद्ध उजुरी परेपछि उम्मेदवारी खारेज भएको थियो । जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारले चुनावको मिति घोषणा गरेपछि रूपन्देही क्षेत्र नम्बर-२ मा उम्मेदवारी घोषणा गर्ने भुसाल पहिलो हुन्। रुपन्देही २ एमाले उपाध्यक्ष तथा पूर्व अर्थमन्त्री विष्णु पौडेलले जित्दै आएको क्षेत्र हो। तर गत निर्वाचनमा भने रास्वपाको उम्मेदवार गणेश पौडेलसँग १५ सयभन्दा कम मतको अन्तरले जितेका थिए।

डा. भुसालले आफ्नो टिमले अन्य क्षेत्रमा पनि उम्मेदवारी दिने गरी अघि बढेको बताए। उनले निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सभापति रवि लामिछाने, उज्यालो नेपाल पार्टी तथा उर्जामन्त्री कूलमान घिसिङ र श्रम संस्कृति पार्टीका सभापति हर्क साम्पाङसँग पनि सहकार्य गरेर अघि बढ्ने तयारी भएको दाबी गरे।

# लुम्बिनी विकास कोषकी योजना प्रमुख भट्टलाई निलम्बन गर्न माग

**लुम्बिनी विकास कोषकै हाजिरी तथ्यांकअनुसार योजना प्रमुख भट्ट गत आर्थिक वर्षमा ३११ दिन कार्यदिन हुँदा ८२ दिन मात्र कार्यालयमा हाजिर भएकी छन्।**




बुटवल । लुम्बिनी विकास कोषकी योजना प्रमुख स्मिता भट्टलाई निलम्बन गर्न स्थानीय युवाहरुको संस्था रेस्पोन्स टिम लुम्बिनीले माग गरेको छ।

योजना प्रमुख भट्टले कोषका ठेक्कामा आर्थिक चलखेल गरेको, विकास कोषको मुख्य कार्यालयमा अति न्यून कार्यदिन उपस्थित भएको भन्दै उनलाई निलम्बर र छानबिन गरी कारबाही गर्न टिमले माग गरेको हो।

टिमले शनिबार बुटवलमा पत्रकार सम्मेलन गरी लुम्बिनी गुरुयोजनाका सबै परियोजनाको स्वतन्त्र अडिट गर्नुपर्ने, सरकारी सुविधा दुरुपयोगबारे सम्पत्ति शुद्धीकरणसम्बन्धी छानबिन गर्नुपर्ने र पदको दुरुपयोग रोक्न नसक्ने जिम्मेवार पदाधिकारीलाई बर्खास्त गर्न पनि माग गरेको छ।

पछिल्लो पटक ३ करोड ५६ लाख रुपैयाँको दियो बत्तीको ठेक्का टेण्डरमा योजना प्रमुख भट्टले आफू निकटका ठेकेदारलाई टेण्डर दिलाउन प्रयास गरेको रेस्पोन्स टिमको आरोप छ । टेण्डरको फर्म बुझाउने समय दिउँसोको १२ बजेसम्म मात्र भएको र त्यतिञ्जेल तीन वटा फर्मले बुझाइसकेको अवस्थामा १२ बजेपछि पनि भट्टले आफू निकटका ठेकेदारलाई आवेदन हाल्न दिन प्रयास गरेको, तर स्थानीयले रोकेको अध्यक्ष जसमेर खानले बताए । 'योजना प्रमुखले आफू नजिकको ठेकेदारलाई आफ्नो कार्यकक्षमा राखेर टेण्डर हाल्ने समय सकिएपछि पनि हाल्न लगाउने प्रयास गरेको स्थानीयले प्रत्यक्ष देखेका छन्,' खानले भने-'छानबिन गर्ने र कार्यालयको सिसिटिभी फुटेज हेर्ने हो भने मिलेमतो गरेको पुष्टी हुन्छ।'

लुम्बिनी विकास कोषमा निर्माणसम्बन्धी काम गरेका एक ठेकेदारले आफूले करोडौं भुक्तानी पाउन बाँकी भएकाले रोकिने डरले सबै कुरा खोल्न नमिल्ने बताए । 'यहाँ घुस नबुझाएसम्म नियमसंगत तरिकाले ठेक्का पाउन सकिन्न यो सत्य हो,' उनले भने-'मसँग प्रमाण छ, तर अहिले सार्वजनिक गर्दा मेरो बक्यौता रोकिदिन्छन्।'

लुम्बिनी विकास कोषकै हाजिरी तथ्यांकअनुसार योजना प्रमुख भट्ट गत आर्थिक वर्षमा ३११ दिन कार्यदिन हुँदा ८२ दिन मात्र कार्यालयमा हाजिर भएकी छन्।

गत आर्थिक वर्षमा ३११ दिन कार्यदिन थियो। भट्ट अधिकांश समय काजमा भन्दै काठमाडौं बस्ने गरेकी र ३० दिन घर बिदा लिएको हाजिरी तथ्यांकमा देखिन्छ। खानले योजना प्रमुख भट्टले कोषलाई व्यक्तिगत स्वार्थ, ठेक्कापट्टा र कमिसनको अड्डा बनाएको आरोप लगाउँदै यस्ता गतिविधि सह्य नभएको बताए । योजना प्रमुख भट्ट विभिन्न टेन्डर प्रक्रियामा प्रत्यक्ष सहभागी भएर पदको दुरुपयोग गरेको, राजनीतिक संरक्षणको आडमा मनपरी निर्णय लिएको र सार्वजनिक खरीद ऐनको मर्म बिर्सेर सार्वजनिक स्रोतमा हात हाल्ने काम गरेको उनले आरोप लगाए।

लुम्बिनी विकास कोष जस्तो अन्तर्राष्ट्रिय महत्वको संस्थाको योजना प्रमुख पदको जिम्मेवारी लिएको व्यक्ति कार्यालयमा नगण्य दिन मात्र उपस्थित हुँदा गुरुयोजनाको काममा प्रत्यक्ष असर गरेको उनले जनाए । 'योजनाप्रमुख भट्टमाथि विभिन्न योजनामा आर्थिक चलखेल गरेको आरोप लागेकाले उनलाई निलम्बन गरेर छानबिन हुनुपर्छ,' टिमका अध्यक्ष खानले भने-'जेनजी युवाको मागलाई बेवास्ता गरिए चरणबद्ध आन्दोलनमा जान बाध्य हुनेछौं।'

सरकारी गाडी, इन्धन, भत्ता तथा सेवा सुविधालाई व्यक्तिगत विलासिताका रूपमा दुरुपयोग गरेको पनि टिमको आरोप छ। 'सरकारी गाडीलाई 'फन-ट्रिप'मा प्रयोग गर्ने, गाडीलाई रित्तै काठमाडौंमा पठाउने र आफू विमानबाट यात्रा गर्ने जस्ता गतिविधि भ्रष्टाचारको चरम उदाहरण हुन्,' खानले भने-'यी सबै विषयमा छानबिन आवश्यक छ।'

निर्णय प्रक्रियामा अपारदर्शिता देखिँदै आएको भन्दै अध्यक्ष खानले मनलागी परियोजना सञ्चालन गर्ने, राष्ट्रिय गौरव आयोजनाको नाममा विभिन्न नदीबाट नदीजन्य पदार्थ निकाल्न कमिसन लिएर अनुमति पत्र दिने गरेको आरोप लगाए।

» बाँकी ३ पेजमा

# रूपन्देहीका क्यासिनोमा बेथिति : प्रभावकारी नियमन नहुँदा अनेक समस्या




बुटवल। रुपन्देहीमा सञ्चालित क्यासिनोहरुमा बेथिति बढ्न थालेको छ । प्रशासनले प्रभावकारी नियमन नगर्दा क्यासिनो नियमावलीको उल्लंघन हुने क्रम बढेको छ। नेपाली नागरिकलाई प्रवेश दिने, कर छल्ने र सुरक्षा मापदण्ड पालना नगर्ने जस्ता समस्या देखिएका छन्, जसले गर्दा केही क्यासिनोका विवाद अदालतसम्म पुगेका छन्।

गत महिनामा भैरहवास्थित निर्वाणा होटलमा सञ्चालित गोल्डेन स्टार क्यासिनोमा नेपाली र भारतीय ग्राहकबिच भएको सामान्य विवादले उग्ररूप लिएको थियो । विवादपछि भारतीय ग्राहकले होटलको गेट बाहिर नेपाली ग्राहकलाई लक्षित गरी गोली प्रहार गरेका थिए । तर गोली नलागेकाले अप्रिय घटना हुन पाएन । यो घटनाले क्यासिनोहरुमा सुरक्षा व्यवस्थाको कमजोरीलाई उजागर गरेको छ।

हालै मात्र भैरहवास्थित होटल एसियन बुद्ध मातहत रहेको इलिगेन्ट इन्टरटेन्मेन्ट सेन्टर (क्यासिनो) को विवाद पनि प्रशासनको प्रभावकारी नियमन अभावमा अदालतसम्म पुगेको छ । प्रशासनले क्यासिनोका सञ्चालकभन्दा अरु व्यक्तिसँग सम्पर्क र हिमचिम बढाउने, उनीहरुकै कुरा सुन्ने गरेकाले मनोबल बढेर मुख्य लगानीकर्तामाथि नै अनुचित ढंगले हावी हुने गरेको पाइएको छ।

उक्त क्यासिनोकी अध्यक्ष अञ्जु गुरुङलाई पदबाट हटाउनका लागि सञ्चालक विजय उत्प्रेतीले विशेष साधारणसभा बोलाएका थिए, जसमा अध्यक्षको अनुमति नै लिइएको थिएन । यसपछि गुरुङले उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा मुद्दा दायर गर्दै साधारणसभा रोक्न र पुराना माइन्यूटहरु यथास्थितिमा राख्न माग गरेकी छिन्। अदालतले सबै काम कार्बाही यथास्थितिमा राख्न आदेश गर्दै दुबै पक्षलाई यहि २२ गते छलफलकालागि बोलाएको अदालत स्रोतले बताएको छ । योसँगै क्यासिनोमा जालझेल र किर्ते कागजातको आधारमा आफ्नो सेयर नै हडप्ने खेलमा लागेको भन्दै गुरुङले जिल्ला अदालत रुपन्देहीमा समेत मुद्दा हालेको क्यासिनो स्रोतको दाबी छ।

स्रोतका अनुसार, क्यासिनोका कर्मचारी समिर शर्मा र होटल एसियन बुद्धका निर्देशक तिलकराम घिमिरे यो प्रकरणमा जोडिएका मुख्य व्यक्ति हुन्। उनीहरुले अन्य सञ्चालकहरु दिनेश भण्डारी, विजय उत्प्रेती र वीरबहादुर थापालाई प्रभावमा पारेर गुरुङलाई हटाउने प्रपञ्च रचेको गुरुङ पक्षको गुनासो छ। गुरुङ क्यासिनोकी मुख्य लगानीकर्ता हुन्।

गोली काण्डपछि जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी (सीडीओ) माधवप्रसाद पोखरेलले क्यासिनो सञ्चालकहरुलाई कडा निर्देशन दिएका थिए। सुरक्षा जाँचलाई कडा बनाउन, भारतीय नक्कली आधारकार्ड प्रयोग गरी प्रवेश गर्ने नेपालीहरुलाई रोक्न र क्यासिनो नियमावली, २०८२ का सबै शर्त तथा मापदण्ड पालना गर्न निर्देश दिइएको थियो। तर, क्यासिनो सञ्चालकहरुले यसको पालना गरेको देखिएको छैन।

प्रशासनले क्यासिनोहरुलाई आकस्मिक लाभकर दाखिला अवस्था, आधारकार्ड प्रयोग गरी प्रवेश गर्ने नेपालीहरुको विवरण, प्रतिबन्धित भारतीय नोटको कारोबार भए/नभएको जानकारी, न्यूनतम ६ महिनाको सीसीटीभी अभिलेख, गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र र चालु वर्षको इजाजत नवीकरणको प्रमाण बुझाउन निर्देशन दिएको छ । यद्यपि, यी निर्देशनहरुको कार्यान्वयनमा ढिलाइ भइरहेको छ । प्रशासनले बेथितिहरुलाई बेवास्ता गर्दा क्यासिनोहरुमा बेथिति र विवाद बढ्दै गएको छ।

रुपन्देही जिल्लामा हाल लाकौल, निर्वाणा, मौर्य, नान्स, एसियन बुद्ध, टाइगर प्लेस, भैरहवा गार्डेन र ड्रिमल्याण्ड गोल्ड रिसोर्टमा क्यासिनोहरु सञ्चालनमा छन् । यी क्यासिनोहरुमा नियमित अनुगमन र नियमनको अभावले थप समस्या निम्त्याउने खतरा बढेको स्थानीयहरु बताउँछन्। प्रशासनले यस विषयमा थप कदम चाल्नुपर्ने माग उठेको छ।


प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## सम्पादकीय

# बुटवल–नारायणगढ सडकले जगाएको आशा

पूर्व-पश्चिम महेन्द्र राजमार्गको बुटवल-नारायणगढ सडक खण्ड विस्तारको काम ७६ प्रतिशत पूरा भएको छ। एक वर्षयता तीब्र गतिमा काम भएपछि सडक विस्तारको कामले गति लिएको छ। अब म्याद नथप्ने ढंगले काम भइरहेको बताइएको र विस्तारको काम पनि नतिजा देखिने ढंगले भएकाले अब धेरै आशा गर्न सकिन्छ।

मुलुकको ‘लाइफलाइन’ हो, महेन्द्रराजमार्ग। यो सडकलाई छिटो सम्पन्न गर्न ढिलाइ भयो । तर असफल आयोजना हुनबाट रोक्न तत्कालीन प्रधानमन्त्री केपी ओली गत वर्ष चीन गएका बेला गरेको पहलकदमीले चिनियाँ निर्माण कम्पनी काम गर्न तयार भयो । र, सडक निर्माण अहिलेको अवस्थामा आइपुगेको हो । एशियाली विकास बैंकको ऋण सहयोगमा निर्माण भइरहेको यो सडक चाइना स्टेट कम्पनीले २०७९ साउन २२ गतेसम्म सक्नेगरी २०७५ चैत ८ गते शुरु भएको हो । नारायणगढ-बुटवल सडक खण्ड कुल १ सय १३ किमि हो । बजार क्षेत्रमा सर्भिस लेनसहित ६ लेन, दाउन्ने सडक खण्डमा तीन र अन्य क्षेत्रमा चार लेनको सडक निर्माण हुँदैछ। २२ वटा पुलको निर्माणमध्ये अधिकांश सकिएका छन्, केही बाँकी छन्। एकतर्फी कालोपत्रे गर्ने गरी आवागमनलाई सहज बनाएसँगै दाउन्नेको सास्ती कहिलेसम्म भन्ने प्रश्न उठेको छ। दाउन्नेमा कालोपत्रेको साटो ढलान कार्य भइरहेको छ। दाउन्ने खण्डलाई नियमित गर्न सके अब सडक करिब तयार भएको छ। पाँच वर्षसम्म सास्ती दिएको यो सडकमा यात्रा गर्नेहरुले सहज अनुभव गर्न थालेका छन्।

पछिल्लोपल्ट थप भएको समयसीमा २०८३ असारमा सकिन्छ। यो समयसीमामा काम सक्नका लागि प्रयाप्त समय छ । पर्याप्त समय छ भनेर ढिलाइ गर्ने होइन् । कामको गतिमा कमि हुन नदिइ काम गर्दा सडक निर्माण पूरा गर्न सम्भव छ। यो सडक निर्माणको काम बेलैमा सकिएन्, यसले दुःख र सास्ती दियो, तर यसले धेरै पाठ सिकाएको छ । विकास आयोजनाको काम अघि बढाउँदा आइपर्ने जटिलता र समाधान गर्न सकिने उपाय सिकाएको छ । यही सिकाइ बुटवल-गोरूसिंगे सडक निर्माणमा काम लागेको छ । बुटवल-नारायणगढ सडक निर्माणले आम नागरिकलाई आवतजावतमा सहज हुने नै छ, यसले लुम्बिनी र चितवनको पर्यटन प्रवर्धनमा पनि टेवा दिनेछ।

# प्रकृतिबाट सिक्नुपर्ने पाठ



डा. नम्रता पाण्डे



प्रकृतिबिना मानिसको जीवन सम्भव छैन। प्रकृति यो संसारमा मानिसहरू खुसीले बाँचेको हेर्न चाहन्छ, त्यसैले त प्रकृति सधैँ उदार छ। उसले कसैलाई भेदभाव गर्दैन, कुनै विशेष समूह वा वर्गलाई मात्र अनुग्रह गर्दैन। रुख बिरुवाले प्रदान गर्ने अक्सिजन र जङ्गलको हावा कसैका लागि अलग भएर बहदैन, नदीको पानी कुनै एक जाति वा समुदायका लागि मात्र बग्दैन, सूर्यको उज्यालो कुनै विशेष राष्ट्रका लागि मात्र चम्किन्न। पृथ्वीका सबै सन्तानप्रति प्रकृति समान रूपले उदार, दयालु र निःस्वार्थ छ। यति उदार स्रोत र सम्भावनाबाट भरिपूर्ण संसार पाउँदा पनि मानिसहरूकै बिचमा देखिने विग्रह, प्रतिस्पर्धा, ईर्ष्या, स्वार्थ र विभाजन भने विडम्बना हो।

मानव सभ्यताको प्रारम्भदेखि आजसम्मको इतिहासले देखाउँछ-प्रकृतिले दिएको उपहार पाउन वा जोगाउन मानिसहरू एकअर्कासँग जुधेका छन् । खेतबारीको बहाना, पानीको स्रोतको स्वामित्व, बोटबिरुवाको उपयोग, नदीनला उब्जनीको बाँडफाँट, खनिजको स्रोत, तेल, पानी, समुद्री मार्ग, वनको स्रोत, सबैका नाममा विवाद चलिरह्यो तर प्रकृतिको चाहना सरल छ, “मैले दिएको सबै उपहार सबैले मिलेर उपयोग गर, युद्ध गरेर होइन।”

**प्रकृतिको उदारता र मानिस**

हामीले प्रकृतिको कार्यशैली बुझ्न सक्यौँ भने उसले कहिल्यै प्रतिस्पर्धा र सङ्घर्षलाई बढावा दिँदैन भन्ने कुरा स्पष्ट हुन्छ। प्रकृतिका हरेक चिज आफ्नै सृष्टिका लागि बिनाभेदभाव प्रकृतिले उपलब्ध गराएको छ। प्रकृति या अस्तित्वलाई कुनै पनि राष्ट्र वा जातिको पहिचानसँग जोडिएको हुँदैन, ऊ स्वतन्त्र छ र मानिसलाई स्वतन्त्र रूपमा एकअर्कामा प्रेमपूर्ण भएर बाँच्न प्रेरणा दिएको छ। सानो, ठुलो, धनी गरिब, यो त्यो भेदभाव मानिसको मानसिकताको उपज हो। मानिसको मानसिक धारणासँगै विकसित भएको मेरो अधिकार, मेरो स्वामित्व, मेरो, तिम्रो, हाम्रो, उनको जस्ता सीमाहरूले ग्रस्त बन्यो मानिसको मानसिकता। प्रकृतिबाट असीमित सम्भावना पाउँदा पनि मानव मनमा मलाई कम पर्ला कि ? भन्ने अभाव मानसिकता विकसित हुँदै गयो । यति खुला विशाल प्रकृतिको अगाडि पनि मानिसको मानसिकता साँघुरिँदै गयो, प्रेम र करूणा खुम्चियो अनि स्वार्थ फैलिँदै गयो । त्यसैको परिणाम-वैमनस्यता, क्षेत्रीय विवाद, वर्गीय भेद, जातीय तनाव, राजनीतिक द्वन्द्व, युद्ध र विध्वंसको विकास भयो र नेपाल जस्तो सानो मुलुकले पनि आज यस्तै अवस्था सामना गर्दै छ।

**संघर्षको जटिलता किन**

अनुमान गर्न सकिन्छ मानिसको सङ्घर्ष केवल स्रोतसाधनको मात्र होइन, मनोवैज्ञानिक र सामाजिक संरचनाको पनि परिणाम हो । यसलाई प्रभाव पार्ने आयाममा स्वामित्वको अति मोह एउटा प्रमुख कारण लाग्छ। मानिसले प्राकृतिक स्रोतलाई अधिकारको रूपमा हेरेपछि समस्या सुरु हुन्छ । जमिन, पानी, वन, चरन क्षेत्र जस्ता उपहार जब कानुनी स्वामित्व र राजनीतिक नियन्त्रणको विषय बन्छन्, त्यहीँबाट विवाद जन्मिन्छ। यो लम्बिँदै गएर एक असमानता र पहुँचको समस्या सिर्जना हुन्छ। प्राकृतिक स्रोत पर्याप्त भए पनि त्यसको पहुँच सबैले समान रूपमा पाउँदैनन् । केही समूह वा व्यक्तिले मात्र स्रोत कब्जा गर्छन्, बाँकि अरू वञ्चित हुन्छन् । यसले असन्तुलन र द्वन्द्व निम्त्याउँछ । यसको प्रभाव भनेको लोभ र आकाङ्क्षाको सीमाहीन विस्तार नै हो । मानिसले चाहने चिजहरू सीमाहीन छन् । घर, जग्गा, धन, शक्ति, प्रभाव, प्रतिष्ठा सबै बढ्दै जान्छन् । यसो हुँदा प्रकृतिले उपलब्ध गराउने स्रोत सीमित हुँदै जाने, तर मानिसको इच्छा सीमाहीन बन्दै जाने अनुमान गर्न सकिन्छ । यही विरोधाभासले सङ्घर्ष पैदा गर्छ । अनि विकास हुन्छ- संवादको अभाव । अर्को ठुलो कारण-संवादविहीनताको स्थिति । मुद्दा थुप्रिन्छन्, तर वार्ता हुँदैन। उग्र भावना बढ्छ, तर तर्क र सहमतिको तालमेल मिल्दैन । सामाजिक परिदृश्य होस् या राजनीतिक परिवेश, व्यक्तिगत विकास होस् या समूहगत एकअर्कामा समझदारिता होइन तर्क र असहमतिको अवस्था विकास हुन्छ।

**संवाद, कूटनीति र सहअस्तित्व**

कुनै पनि समाजले दिगो शान्ति, समृद्धि र सामुदायिक विकास चाहन्छ भने संवाद अनिवार्य छ। संवाद भनेको केवल कुरा-कुरामा सहमति खोज्नु, ठुलाले जित्नु र निमुखा सानाले हार्नु होइन, अस्वीकृति हुँदा पनि बाध्यतावश स्वीकार्नु मात्र पनि होइन; यो मनोवैज्ञानिक, सामाजिक, राजनीतिक र सांस्कृतिकस्तरमा विश्वास निर्माण गर्ने प्रक्रिया हो । किनभने अस्थिरता र द्वन्द्वको स्थितिमा संवादले सम्भावनाको ढोका खोल्छ। संवादले मानिसलाई अरूका दृष्टिकोण सुन्ने कला सिकाउँछ। आफ्नो दृष्टिकोण शान्त ढङ्गले प्रकट गर्न, मतभेदका मूल कारण बुझ्न, समाधान खोज्न र सामूहिक रूपमा सोच्न सिकाउँछ । जहाँ संवाद हुन्छ, त्यहाँ हिंसा घट्छ। जहाँ वार्ता हुन्छ, त्यहाँ समाधान निस्कन्छ। यो कलाले कूटनीतिक बुद्धिमत्ता पनि वृद्धि हुँदै जान्छ। कूटनीति भनेको केवल देश देशबिचको सम्बन्ध मात्र होइन; सामाजिक जीवनमा प्रत्येक व्यक्ति र संस्थाले अपनाउनुपर्ने शिष्ट, संयमित, विवेकपूर्ण व्यवहार हो । कूटनीतिक संवादका तीन आधारस्तम्भ हुन सक्छन्- सहानुभूति, विवेक र सहयोग । सहानुभूति भनेको अरूको पीडा, आवश्यकता र दृष्टिकोण बुझ्ने क्षमता हो भने, विवेकद्वारा समस्या समाधानका लागि सही समय, शब्द र व्यवहार छनोट गर्ने सिपको विकास हुन्छ र सहयोग त्यो हो, जुन कार्यले, भावले र सोचले सबैका हितलाई ध्यानमा राख्दै सामूहिक फाइदाको बाटो खोज्ने प्रतिबद्धताको अभ्यास बढ्छ।

**प्रकृतिबाट सिक्ने पाठ**

प्रकृतिको व्यवहार प्रतिस्पर्धात्मक हुँदैन। प्रकृति सधैँ सहयोगी बन्छ। आफ्नो स्रोत र ऊर्जा बाँड्छ, यसलाई त्यसलाई भनेर रोक्दैन। बाँडेर दिन्छ, सबैलाई पुऱ्याउँछ, तर सङ्ग्रह गर्दैन। प्रकृति सहअस्तित्वमा विश्वास गर्छ र मानव जातिलाई त्यसै गर्न प्रेरित गर्छ । मानिसले पनि यही गुण सिक्न सके संसारमा धेरै द्वन्द्व स्वतः समाप्त हुने छन् । मानिसले प्रकृतिबाट सिक्ने सरल पाठ हुन्, सहयोग प्रतिस्पर्धाभन्दा ठुलो हो। बाँडेर दिँदा कम हुँदैन, बरु बढ्छ। सहअस्तित्व सङ्घर्षभन्दा शक्तिशाली हुन्छ। सङ्ग्रहले चिन्ता ल्याउँछ, बाँड्ने संस्कारले शान्ति ल्याउँछ। संसारका धेरै सङ्घर्ष-राजनीतिक, जातीय, क्षेत्रीय, धार्मिक आदि यिनको जडमा अधिकार, स्वामित्व र सङ्ग्रह मानसिकता छ। यी मानसिकता न्यूनीकरण हुन सके मात्र सहयोग, साझेदारी, सहमति र संवादको विकास हुन्छ। जसको परिणाम विश्वास एकअर्कामा बढ्छ, तनाव कम हुन्छ, विकासको बाटो खुल्छ, समूहबिच साझेदारी बलियो हुन्छ, समाज दिगो शान्तितर्फ जान थाल्छन्।

**संवाद किन अत्यावश्यक छ ?**

नेपाल जस्ता विविध संस्कृति, भाषा, जातजाति, भूगोल र राजनीतिक पृष्ठभूमि भएको देशमा संवाद शान्ति, समृद्धि र विकासको आत्मा हो । परिस्थिति जस्तो आइपरे पनि विकासका लागि साझा दृष्टिकोण आवश्यक रहन्छ । राजनीतिक दलहरू हुन् या समुदायहरू, नीतिनिर्माता र नागरिकले साझा राष्ट्रिय एजेन्डामा एउटै टेबलमा आएर सोँच्नु पर्छ । किनभने जब संवाद अवरुद्ध हुन्छ तब आरोप-प्रत्यारोप बढ्छ, अविश्वास बढ्छ र सामाजिक दुरी विस्तार हुन्छ, त्यसकै परिणामस्वरूप द्वन्द्व जन्मिन्छ । जब संवादको धोका खुल्छ, तब पारदर्शिता बढ्छ, सहकार्य बढ्छ, समाधान नजिक आउँछ अनि स्थायित्व सुदृढ हुन्छ । संवाद नै शान्ति र विकासको साँचो मार्ग हो । प्रकृति सहज, सरल र उदार छ। मानिस-अहङ्कार, प्रतिस्पर्धा र अविश्वासले ग्रस्त हुँदाहुँदै पनि यस संसारको सबैभन्दा बुद्धिमान प्राणी हो । बुद्धिमत्ता भनेको केवल जटिल प्रविधि र संरचना बनाउनु मात्र होइन, बुद्धिमत्ता भनेको संवाद, सहकार्य र सहअस्तित्वको विज्ञान बुझ्नु हो । आजको समयले मानवलाई सिकाइरहेको छ- विद्रोह र युद्धले समाधान दिँदैन । एक अर्काप्रतिको आरोपले समस्या झनै बढाउँछ। प्रकृतिको स्रोत कब्जा गरेर शान्ति कायम हुँदैन । समाधान संवादद्वारा नै सम्भव हुन्छ । समृद्धि सहयोगद्वारा हुन्छ। शान्ति सहअस्तित्वद्वारा हुन्छ। मानिसले प्रकृतिबाट एउटा मात्र पाठ सिक्न सके पुग्छ त्यो हो-बाँडेर देऊ, मिलेर बाँच, सङ्घर्ष होइन-सहयोगमा विश्वास गर। यति भए संसार वास्तवमै शान्त, सुन्दर र समतामूलक बन्न सक्छ। न्यायपूर्ण पहुँचको मर्म भनेकै स्रोतसाधन र प्राकृतिक उपहारमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नु हो र यो नै दिगो शान्तिको आधार हो। यो नै सहअस्तित्वको दर्शन हो, मानिसले प्रकृतिलाई जित्ने होइन, बुझ्ने र सम्मान गर्ने हो। प्रकृतिसँग युद्ध गरेर होइन, प्रेम र सहयोग गरेर मात्र समृद्धि सम्भव छ।

गोपबाट

## नेपालको कृषि र अनुदान :

# वर्तमान अवस्था, अवसर र चुनौती



विकास वि. क.

देशको करिब दुईतिहाई जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको कृषि अर्थतन्त्रको मेरुदण्ड भनिएता पनि आधुनिक प्रविधिको अभाव, वित्तीय तथा बजार व्यवस्थापनको अभाव र कृषि पूर्वाधार विकासमा ढिलाइका कारणले अपेक्षित परिणाम र उपलब्धिहरु प्राप्त गर्न सकेको छैन।

विश्वका अधिकांश मुलुकहरुमा कृषि एक हिसाबले राज्यबाट संरक्षित पेशाको रुपमा मानिन्छ । नेपालमा सामान्यतया साना/मझौला कृषकहरुको बाहुल्यता, लगानीका लागि पुँजी अभाव, आधुनिक प्रविधि पहुँच अपर्याप्त, लगानीको जोखिम (बाढी, सुख्खा, रोगकिरा, मूल्य नपाउने) र महँगो बिउ, मल तथा मेशिनरी औजार जस्ता कारणहरुले गर्दा सरकारले कृषि व्यवसायलाई प्रतिस्पर्धात्मक तथा आधुनिक बनाई उत्पादन लागत कम गराउने र उत्पादन वृद्धि गर्ने हेतुले विभिन्न प्रकारका अनुदानका कार्यक्रमहरु र परियोजनाहरु कार्यान्वयनमा ल्याएको छ। रासायनिक मल र जैविक मल, बिउबिजन बेर्ना, यान्त्रिकरण, सिँचाइ, बजार व्यवस्थापन, बाली संरक्षण, बिमा प्रिमियममा अनुदान, उत्पादन तथा क्षेत्रफलका आधारमा अनुदान आदि थुप्रै प्रकारका अनुदानहरु संघीय, प्रदेश र स्थानीय सरकारका कृषि हेर्ने निकाय मार्फत प्रदान गरिँदै आएको छ।

यस्ता अनुदान कार्यक्रममार्फत् यान्त्रिकीकरण र बिउ/मलको सहुलियतले किसानको खर्च कम भएको, कृषि बीमाको पहुँच बढेको, तरकारी, दुग्ध, माछा मासु उत्पादन, फलफूल खेतीमा युवाहरूको आकर्षण बढेको र व्यवसायिक खेती केहि विस्तार भएको पनि छ तर साना, मझौला तथा व्यवसायिक कृषकहरु सबैलाई एउटै डालोमा राखी अनुदान प्रवाह गर्नाले ठुलो समस्या र वितरण प्रणालीमा प्रश्न उठाएको छ। कृषि व्यवसाय नाफामूलक बनाउनका लागि उत्पादन लागत कटौती र/वा बलियो प्रतिस्पर्धात्मक बजार व्यवस्थापन मार्फत आम्दानी वृद्धि गर्नु पर्ने हुन्छ। भारत र चीन जस्ता ठुला राष्ट्रहरुसँग बजारमा प्रतिस्पर्धा गर्नका लागि नेपालसँग पर्याप्त उत्पादन, कृषि क्षेत्रमा लगानी र जोखिम बहन गर्न सक्ने ठुला व्यवसायी/उद्योगहरुको कमी भएका कारण खाद्यान्न तरकारी, फलफूललगायतका कृषि उत्पादनमा परनिर्भरता सिर्जना भएको छ।

सरकारले त्यसैले कृषक/व्यवसायीहरुलाई कृषिमा आकर्षित गर्नका लागि अनुदान/प्रोत्साहन प्रदान गर्दै आएको छ, तर एक पटक केही रकम अनुदान बापत दिएपछि वा केही सामग्री/प्रविधिहरु अनुदानमा उपलब्ध गराएपछि कृषिमा व्यवसायिकता विस्तार हुन्छ भन्ने सबै तहबाट अपेक्षा राखिन्छ। सरकारले बिउ/मलदेखि बजारसम्मको सम्पूर्ण तहमा किसानलाई निरन्तर रुपमा आर्थिक र प्राविधिक रुपमा सहयोग तथा जोखिम बहन गर्नमा सहयोग गर्न सकेमा हाल भएका व्यवसायिक कृषकहरु पनि अडिने र युवा कृषकहरुलाई आकर्षित गर्न सकिने छ। तर सरकारसँग यसरी सम्पूर्ण सहयोग र जोखिमको जिम्मेवारी लिनका लागि पर्याप्त स्रोत साधन र जनशक्तिको अभाव रहेको छ। सीमित स्रोत साधन र जनशक्ति भएकै कारण सबै प्रकारका (साना/मझौला/ठुला) कृषकहरु माझ अनुदान र प्राविधिक सेवा पुग्न सक्या छैन् । अनि सुरु हुन्छ अनुदान कार्यक्रममा कस्ता किसानलाई छनौट गर्ने, कसलाई दिने, कसलाई नदिने भन्ने प्रश्नहरु र त्यसकोलागि बन्छन्, कार्यविधि/मापदण्ड/प्रावधानहरु । त्यहीमाथि हालको सीमित अनुदान वितरण कार्यक्रमहरुमा पनि दुरुपयोग र लापरबाही जस्ता अपजसहरु । अनुदान कार्यक्रमको सहि सदुपयोग र कृषकलाई सरल पहुँचभन्दा पनि मुद्दा/मामिला र कानुनी रुपमा बच्नका लागि कार्यविधि/मापदण्ड/प्रावधानहरु थप जटिल र असहज, चाहिन थाल्छ थप कागजहरु । प्रक्रियाबारे बुझ्न र कागज पुऱ्याउन सक्ने व्यक्तिहरु अलि जानेबुझेका र पढेलेखेका हुनपर्ने हुन्छ, तर विडम्बना हाल युवा जमात विदेश पलायन भएको कारण अधिकांश कृषकहरु कम पढाइ लेखाइ भएका हुनुहुन्छ । प्रक्रिया नबुझ्ने र झन्झटिलो कागजपत्र, सहजीकरणको कमी र अनुदान साझेदारी तथा लगानी गर्न सक्ने क्षमता आदिका कारण अनुदानको पहुँच झन् साँघुरिदै गएको छ।

कतिपय अवस्थामा कृषकहरु कृषि फर्म/कृषक समूह/सहकारी/कम्पनी स्थापना गरी कुनै निकायसँग अनुदान पाएर व्यवसाय थप विस्तार गरेका हुन्छन्, राम्रो व्यवस्थापन हुन्छ, राम्रो उत्पादन हुन्छ, तर उत्पादनले बजार नपाएसी लगानी डुबेको पाइएको हुन्छ वा लगाएको बाली असिना/बाढी/पहिरो/रोगकीराका कारण ध्वस्त हुन्छ, त्यतिखेर राज्यले जोखिम बहन गर्दिन सक्ने वा निरन्तरताका लागि सहयोग गर्दिन सक्ने हो भने त्यसरी स्थापित फर्म/समूह/सहकारी/कम्पनी पनि डुब्ने थिएनन् र कृषि व्यवसाय तथा व्यवसायीहरु केही सुरक्षित महसुस गर्थे ।

एक पटक अनुदान पाएको संस्था वा फार्मले काम गरेको/नगरेको जाँच गर्न, थप सहयोग र सहजीकरणका लागि सरकारी निकायले प्रभावकारी भूमिका खेल्न सकेको छैन । कान्तिपुर न्यूज पोर्टलमा प्रकाशित एक समाचारकाअनुसार, ३२ वटा संस्थाहरूले करोडौं रुपैयाँ अनुदान पाएका थिए, तर धेरैले ती रकमलाई ठीकसँग उपयोग गरेका छैनन्। “नाम मात्रको परियोजना/कार्यक्रम”, “कागजमा मात्रै बनाइएको फर्म/भवन/कोल्ड स्टोर”, “भैंसी/गाई देखाउने तर वास्तविक संख्यामा फरक हुने”, “अनुदान सामग्री खरीदमा मिलेमतो” । जस्ता केही भ्रष्टाचार र दुरुपयोगका घटनाहरु विभिन्न जिल्लामा भेटिएका छन्, तर त्यो भनेर सबै कर्मचारी, सरकारी निकाय र सेवा प्रदायकलाई नै एउटै डालोमा राखी तथ्यविहीन र वास्तविकता नबुझी गालीगलौच र आक्षेप लगाउनाले अब झन् प्रक्रियागत जटिलता र प्रमाणका नाममा कागजका फाइलहरु थपिने निश्चित छ। कागज र फाइल मिलाउन एक सामान्य लेखपढ पनि नभएको कृषकलाई गाह्रो पर्न जान्छ र अनुदान वितरण प्रणाली झन् जटिल बन्न पुगेको छ।

केन्द्र, प्रदेश, स्थानीय सरकारमार्फत् दोहोरो अनुदान वा दोहोरो सूची आदि विषयमा पनि केही अस्पष्टता भएको हो कि ? कि कुनै कृषकलाई आवश्यकता र योजनाअनुरुप अनुदान र प्राविधिक सहयोग एकै निकायले दिन सक्नुपर्यो ? नत्र कृषकले विभिन्न निकायबाट साना-साना टुक्रे अनुदान सहयोग जम्मा गरी आफ्नो आवश्यकता पूरा गर्छ। समान प्रयोजन र कामको लागि दुई पटक वा दुई ठाउँबाट अनुदान पाउनु गलत हो, तर थप विस्तार, प्रशोधन तथा व्यवस्थापन गर्नका लागि योजना र आवश्यकता अनुरुप सही अनुगमन र मूल्याङ्कन गरी हरेकस्तरबाट कृषकलाई सहयोग गर्नु आजको आवश्यकता रहेको छ । एकीकृत अनुदान वितरण प्रणाली, डिजिटल माध्यमहरुको सदुपयोग, बलियो अनुगमन र मूल्यांकन, कागजपत्र झन्झट किनारा लगाएर मोबाइल आवेदन, पारदर्शी र समावेशी छनोट प्रणाली, व्यवसाय स्थापना, विस्तार र निरन्तरताको लागि अनुदान व्यवस्था, व्यवसाय सञ्चालन र विस्तारको ट्र्याकिंग गर्ने प्रावधान, प्राविधिक सेवाटेवालाई थप चुस्त बनाउने तथा विभिन्न तहमा समन्वय र सहजीकरण आदि जस्ता सुधारात्मक प्रयासहरु गर्न सकेमा कृषिमा अनुदान सदुपयोग हुन सक्नेछ।

नेपालको कृषि क्षेत्र परम्परागत तर अथाह सम्भावना बोकेको क्षेत्र हो । “कृषि अनुदान” सरकारले किसानलाई सहयोग गर्ने मुख्य साधन हो, तर प्रभावकारी अनुदान प्रणाली बिना कृषि क्षेत्रले अपेक्षित फड्को मार्न सक्दैन् । तसर्थ, अनुदान पारदर्शी, लक्षित, पहुँचयोग्य, प्रविधि तथा लगानीमैत्री र परिणाममुखी बनाउन सके किसानको जीवनस्तर सुधार, उत्पादनमा वृद्धि र राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुग्नेछ।

(बागवानी विकास अधिकृत, कृषि विकास कार्यालय, स्याङ्जा)

# दाङमा पाँच हजार जनामा सिकलसेल एनिमियाको परीक्षण हुँदै



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले दाङमा पाँच हजार जनामा सिकलसेल एनिमियाको परीक्षण गर्न लागेको छ ।

दाङ थारु समुदायको बाहुल्य जिल्ला भएको र सिकलसेल एनिमिया थारु समुदायमा देखिने रोग भएकाले दाङमा पहिलोपटक वृहत् रूपमा यो परीक्षण गर्न लागिएको हो । प्रतिष्ठानमा सिकलसेल जाच्ने मेसिन भित्रिएपछि ५ हजार जनामा परिक्षण गर्न लगिएको प्रतिष्ठानका रजिस्ट्रार प्रा. श्याम लम्सालले जानकारी दिए ।

प्रतिष्ठानले सिकलसेल एनिमिया भएका ३ सय १५ जनालाई औषधि उपचार सेवा प्रदान गर्दै आएको उनले बताए ।

जसमा एक बर्षदेखि ६५ वर्षसम्मका सिकलसेल एनिमियाका बिरामी भेटिएका छन् भने एकै घरका चार जना परिवारमा पनि देखिएको छ ।

धैरैजसो थारु समुदायमा यो रोग फेला परेको छ भने अन्य जातिमा पनि देखिएको प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक प्रा.डा. जनार्दन पन्थीले बताए ।

सिकलसेल एनिमिया रोगको परिक्षणका लागि बिरामीलाई यसअघि जिल्ला बाहिर जानुपर्ने बाध्यता भएता पनि अब प्रतिष्ठानमा नै चेकजाँच हुने भएपछि बिरामीलाई उपचारमा सहजता हुने उनले जनाए ।

प्रतिष्ठानका रजिस्ट्रार प्रा. लम्सालले बालबालिकादेखि वृद्धसम्मको चेकजाँच गरेर जिल्लामा यो रोगको अवस्था थाहा हुने र त्यसकै आधारमा नीति तथा कार्यक्रम बनाइने र थप अनुसन्धान गरिने बताए ।

२०७३ सालदेखि नै साविकको राप्ती उपक्षेत्रीय अस्पतालमा सिकलसेल एनिमिया चेकजाँच कार्यक्रम दाङमा सुरु भएको थियो ।

त्यो बेला देशभरका स्याम्पलमा परीक्षण गर्दा तीन सय ५० जनामा सिकलसेल देखिएकोमा दाङ जिल्लाका मात्रै २६ केश देखिएका थिए ।

विशेषगरी थारू समुदाय र आदिबासी जनजातिमा देखिने सिकलसेल दाङमा पनि धेरै हुन सक्ने निष्कर्षसहित सरकारले बेला-बेलामा दाङमा सिकलसेल एनिमियाको निःशुल्क परीक्षण र उपचार गर्दै आए पनि यसलाई नियमितता दिन भने सकिएको छैन ।

प्रतिष्ठानका निमित्त निर्देशक प्राध्यापक डा. पन्थीले दाङ जिल्लामा सिकलसेल एनिमियाको परीक्षण कार्यक्रम जिल्लाका तीन स्थानमा सञ्चालन गरिने बताए ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भने आइतबारदेखि चेकजाँच सुरु हुनेछ । चेकजाँच मङ्सिर १९ देखि सुरु भइ बैशाखसम्म निरन्तर जारी रहने प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका फिजिसियन डा.अजयराज गौतमका अनुसार कुनै बिरामीमा सिकलसेल एनिमिया पाइएमा एक लाख रुपैयाँसम्मको निःशुल्क औषधी उपचार गरिने छ ।

सिकलसेल एनिमिया वंशाणुगत रोग भएकाले लक्षित समुदायमा यसको प्रभाव बढी हुन सक्ने भएकाले त्यस्ता समुदायमा परीक्षण, रोकथाम एवम् उपचारात्मक कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउनु पर्ने पनि डा. गौतमको भनाइ छ ।

सिकलसेल एनिमिया भइसकेपछि त्यस्ता व्यक्तिका रक्तकोषको आकार हसिया जस्तो हुने पनि चिकित्सकले बताएका छन् ।

# सेभेन ए साइड फुटबलको उपाधि होराइजन जीबीएसलाई




बुटवल । बुटवलमा सम्पन्न दोस्रो क्यानन सेभेन ए साईड फुटबल प्रतियोगिता २०८२ को उपाधी होराइजन जीबीएसले हात पारेको छ । क्यानन मावि बुटवल सुख्खानगरको आयोजनामा भएको फाइनल खेलमा होराइजन जीबीएसले उपाधि चुमेको हो ।

जीबीएसले गत वर्षको विजेता स्कलर्स होम बोर्डिङ् स्कुललाई सडेन डेथमा पराजित गरेको हो । उपाधिसँगै होराइजन जीबीएसले नगद ५५ हजार ५५५ रुपैयाँ, शिल्ड, प्रमाणपत्रबाट पुरस्कृत भयो भने उपविजेता स्कलर्स होम स्कूले ३३ हजार ३३३ रुपैयाँ, कप, मेडल प्रमाणपत्रमा चित्त बुझायो ।

सिद्धेश्वर खेलमैदानमा भएको निर्धारित समय बराबरी गोल भए पनि खेल ट्राइबेकरमा धकेलिएको थियो । ट्राइबेकरमा पनि बराबरी भएपछि खेल सडेनडेथमा ४-३ गोलले होराइजन जीबीएसले उपाधि चुम्न सफल भएको हो ।

विजेताहरुलाई राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनीका प्रमुख रमाकान्त तिवारी, विद्यालयका अध्यक्ष थानेश्वर पौडेल, विद्यालयका प्रधानाध्यापक शंकर भण्डारी, प्याप्सनका केन्द्रीय उपाध्यक्ष टिकाराम न्यौपाने, अभिभावक संघका अध्यक्ष लोकनाथ ज्ञवाली, विद्यालयका सह-प्राचार्य विष्णु न्यौपानेले पुरस्कार वितरण गरेका हुन् ।

प्रतियोगितामा स्कलर्स होमका क्याप्टेन सुसान्त थापा सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै नगद ३ हजार रुपैयाँसहित पुरस्कृत भए । यस्तै होराइजन जीबीएसका अज्जु सारु मगर उत्कृष्ट गोलरक्षक र स्कलर्स होमका सुमित पुलामीमगर सर्वाधिक स्कोरर घोषित हुँदै नगद २ हजार ५ सय रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत भएको खेल संयोजक पवन बस्यालले बताए । फाइनल खेलमा होराइजन जीबीएसका अज्जु सारु मगर प्लेयर अफ दी म्याचबाट पुरस्कृत भए ।

पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनीका प्रमुख रमाकान्त तिवारीले क्याननले सेभेन ए साइड प्रतियोगिता गरेर फुटबल खेलाडी उत्पादनमा योगदान गरेको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थानेश्वर पौडेलले क्याननले फुटबल प्रतियोगिता गरेपनि यसले भविष्यमा रुपन्देहीबाट राष्ट्रियस्तरमा फुटबल खेलाडी उत्पादन गर्ने विश्वास व्यक्त गरे ।

क्याननले गत वर्षदेखि क्यानन सेभेन ए साइड फुटबल प्रतियोगितालाई ब्राण्डका रुपमा सञ्चालन सुरु गरेको हो ।

विद्यालय तहबाटै फुटबल खेलाडी उत्पादनमा प्रोत्सहन गर्न आफूहरुले ब्राण्डका रुपमा क्यानन सेभेन ए साइड प्रतियोगिता गरेको विद्यालयका प्रधानाध्यापक शंकर भण्डारीले बताए । मंसिर १४ गतेबाट सुरु भएको प्रतियोगितामा ३० वटा विद्यालयहरुले भाग लिएको अतिरिक्त क्रियाकलाप प्रमुख मिनराज गिरीले बताए । पुरस्कार वितरणका क्रममा प्रतियोगिता आयोजनामा सहकार्य गरेकाहरुलाई सम्मान समेत गरिएको थियो ।

गत वर्ष स्कलर्स होम बोर्डिङ् स्कूलले उपाधि चुमेको थियो भने नविन औद्योगिक कदरबहादुर रीता मावि उप-विजेता बनेको थियो ।

## लुम्बिनी...

लुम्बिनी विकास कोषकाएक उच्च अधिकारीले स्थानीय युवाको टिमबाट योजना प्रमुखको निलम्बन र छानबिनको माग भएको स्वीकार गर्दै यसबारे सम्बन्धित माथिल्लो निकायमा जानकारी गराएको बताए ।

योजना प्रमुख भट्टले भने आफूले योजनाहरुको टेण्डरमा विगतमा हुँदै आएको कमिसनको चलखेल बन्द गराएपछि विकास कोषकै माथिल्लो तहका कर्मचारीले स्थानीयलाई उचालेर आफ्नो बद्नाम गराउन खोजेको बताइन् । उनले आफू कोषकै कामका लागि काजमा खटिएको दाबी गर्दै यो वर्ष सुत्केरी समेत भएकाले धेरै दिन बिदा बसेको बताइन् ।

भट्टले कोषकै कर्मचारी र स्थानीयको नाममा असुरक्षा महसुस गरेको समेत बताइन् । विकास कोषका उपाध्यक्षबाट समेत आफूलाई सहयोग नभएको उनको गुनासो छ । भट्टले आफूलाई १० महिनासम्म तलब निकासा नदिएर दुःख दिइएको र मुद्दा लडेर तलब खानुपरेको समेत बताइन् ।

गोर्खाकी भट्टलाई माओवादी केन्द्रको कोटामा योजना प्रमुख नियुक्त गरिएको थियो । उनको कार्यकाल अझै तीन वर्ष बाँकी छ । विकास कोषमा अहिले हालै नियुक्त भएका सदस्य सचिव पनि माओवादीकै हुन् ।

उपाध्यक्ष डा. ल्हारक्याल लामा पनि माओवादीकै हुन् । कोषको पदाधिकारी र कर्मचारी प्रशासनको माथिल्लो तहका प्रमुख सबै माओवादी निकटका नियुक्त भएको गज्जबको संयोग परेको छ ।

## मायादेवी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**मायादेवी गाउँपालिकाको घाघरा महजिदिया सडकखण्डको मुख्य चोकहरुमा हाइ मास्ट लाइट जडान गरि सडक स्तरोन्नति/सुन्दरिकरण र पर्यटन प्रवर्धन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

### सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०८/२१)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका द्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः बरेवा, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलःmayadeviruralmun@gmail.com<br>वेबसाईटः https://mayadevimunrupandehi.gov.np/<br>फोन नं.: +९७७ ९८५७०१६९३९ |
| प्रस्तावको व्यहोरा | मायादेवी गाउँपालिकाको घाघरा महजिदिया सडकखण्डको मुख्य चोकहरुमा हाइ मास्ट लाइट जडान गरि सडक स्तरोन्नति / सुन्दरिकरण कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न मायादेवी गाउँपालिका, रुपन्देही सम्पूर्ण वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्रीमायादेवीगाउँपालिका, बरेवा, रुपन्देही, लुम्बिनीप्रदेश mayadeviruralmun@gmail.com, फोन नं. ९८५७०१६९३९ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनियरिंग कन्सलटेन्ट एंड बिल्डर्स, तिलोत्तमा-०५ फोन नं. ९८६७१८९०५१ |

## Siddharthanagar Municipality
### Office Of The Municipal Executive
**Siddharthanagar,Rupandehi**
**Lumbini Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No:SNP/NCB-14/082/083**

First Date of publication: 2082-08-21 (7thDecember, 2025)

1. Siddharthanagar Municipality invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| S.N. | Contract No. | Description of Work | Minimum Bid Security AmountNRs. | Average Annual Construction TurnoverNRs. | Price of Bid Document Non-refundable NRs. |
|---|---|---|---|---|---|
| 1 | SNP/NCB-14/082/083 | Upgrading and Construction of multisports coverd hall rangashala of Ward No. 03 | 6,90,000.00 | 3,75,73,000.00 | 5,000 |

2. Eligible Bidders shall submit their bids electronically onlyfrom PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Siddharthanagar Municipality, Office of The Municipal Executive Siddharthanagar, Rupandehi Lumbini Province, Nepal Tel. 071-570355, Facsimille 071-570165, Mail: siddharthanagar.municipality@gmail.com or may visit PPMO's e-GP system: www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically through EGP system of PPMO: www.bolpatra.gov.np/egp on or before 12:00 hours, 2082-09-23 (7th January, 2026) may download the bidding documents for e-submission from PPMO's e-GP system: www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected.

| Last Date and Time for Bid Purchase and Bid Submission | Date and Time for Bid Opening |
|---|---|
| Date: 2082-09-23 (7th January, 2026)<br>Time: Within 12:00 hours | Date: 2082-09-23 (7th January, 2026)<br>Time: After 13:00 hours |

5. Bidders submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank) | |
|---|---|---|---|
| Bank: | Agriculture Development Bank, Siddharthanagar, Rupandehi | Bank: | Agriculture Development Bank, Siddharthanagar, Rupandehi |
| Account Name: | Siddharthanagar Municipality,Office of the Municipal Executive, Siddharthanagar, Rupandehi, Lumbini Province, Nepal. | Account Name: | Siddharthanagar Municipality, Office of the Municipal Executive, Siddharthanagar, Rupandehi, Lumbini Province, Nepal. |
| Account Number: | 04-146-01145634-20-8 (ga-1-1) | Account No. | 04-146-01145634-03-8 (ga-3) |
| Office code: | 801054805 | Office Code | 801054805 |
| Revenue Head: | 14229 | | |

6. Pre-bid meeting shall be held at Siddharthanagar Municipality, Meeting Hall at 13:00 hours on 2082-09-13 (28th December, 2025).
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2082-09-23 (7th January, 2026)at the office of Siddharthanagar Municipality, Office of the Municipal Executive, Siddharthanagar, Rupandehi, Lumbini Province, Nepal. Bids must be valid for a period of 90 days and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum values mentioned in the table above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The bidders are strongly advised to visit the site before bidding.
10. Employer reserves rights to accept or reject bid(s) without any reason whatsoever.
11. Any matters not covered in bidding documents shall be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 with amendments.
12. Any amendment in the tender notice shall be posted in the notice board of the Siddharthanagar Municipality and PPMO's website: www.bolpatra.gov.np/egp. Eligible Bidders may refer Siddharthanagar Municipality or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

Chief Administrative Officer

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**पातपतिंगरको जोहो**
अछामको ढकारी गाउँपालिका-१ का महिलारु बिहानीको समयमा जङ्गलबाट पातपतिङ्गरको भारी बोकेर घर फर्कँदै । तस्विर : सुशील भण्डारी / रासस

## सुरक्षित मातृत्व सेवा :
# रोहिणीमा बन्द ओमसतियामा नयाँ भवन उद्घाटन







**मोहम्मद हबिब**
*भैरहवा*

आमा र नवजात शिशुको स्वास्थ्य सुरक्षित राख्न गाउँ-गाउँमा सेवाहरु बढिरहेको छ । जिल्लाका अधिकांश स्थानीय तहहरू घरमा हुने शिशु जन्मलाई शून्य गर्ने अभियानमा जुटेका छन्, टोल-टोलमा बर्थिङ सेन्टर स्थापना गरेर सुरक्षित मातृत्वको पहुँच बढाउने होड चलिरहेको छ । रुपन्देहीको एक पालिकाले भएको सेवालाई थप बढाउदै नयाँ-नयाँ कामको सुरुवात गरिएको छ भने अर्को पालिकाले भएकै सेवा बन्द गरिनुपर्ने अवस्था छ । यसको उदाहरण रुपन्देहीको ओमसतिया गाउँपालिका र रोहिणी गाउँपलिकामा देख्न सकिन्छ ।

रोहिणी गाउँपालिकाले बगहा स्वास्थ्य चौकीमार्फत् ७ वर्षदेखि प्रदान गर्दै आएको प्रसूति सेवा कार्तिक २ गतेबाट बन्द गरेको छ भने ओमसतियाले शुक्रबारबाट बसन्तपुर स्वास्थ्य केन्द्रमा नवनिर्मित सुरक्षित मातृत्व तथा बर्थिङ सेन्टरको स्थापना गरेको छ ।

आमाको स्वास्थ्य सुरक्षित राख्न, नवजात शिशुको जीवन बचाउन, गर्भ जाँच सहज रुपमा पाउन, सुरक्षित प्रसूति बढाउन, मातृ मृत्युदर घटाउनलगायतका विभिन्न सेवा प्रदान गर्ने सुरक्षित मातृत्व सेवा (प्रसूति सेवा) प्रदान गर्ने गरिन्छ । रुपन्देहीका दक्षिणी क्षेत्रका पालिकाहरुका लागि भिम अस्पताल र मेडिकल कलेजमा अधिकांश प्रसूति सेवाहरु भइरहँदा पालिकाहरुमा सरोकारवाला निकायले चासो दिँदा यो सेवाले केही हदसम्म सहज हुन्छ । रोहिणीले बगाहा स्वास्थ्यचौकीमा रहेको प्रसूति केन्द्र बन्द गर्नुको कारण अस्थायी र करार दरबन्दीका कर्मचारी कटौती गर्नु हो । २०७३ सालमा नयाँ भवनमा सरेको यस स्वास्थ्य संस्थामा २०७५ सालमा बर्थिङ सेन्टर सुरु भएको थियो ।

यहाँ करारमा दुई जना तालिम प्राप्त नर्स, एक जना स्वीपर र एक चौकिदार राखेको थियो । कर्मचारीको पारिश्रमिकका लागि पालिकाले वार्षिक २० लाख खर्च गरिरहेको थियो । कार्यपालिकाको बैठकले खर्च कटौतीको लागि ३९ कर्मचारीको अस्थायी र करार सम्झौता रद्द गरेपछि यसको असरले प्रसूति सेवा केन्द्र बन्द हुन पुगेको हो । घरदैलोमा प्राप्त सुविधा बन्द गर्दा स्थानीयहरु स्वास्थ्यचौकीबाट प्रसूति गराउने सेवाबाट वञ्चित भएका छन् । सुरक्षित प्रसूति सेवाका लागि गाउँकै भरपर्दो गन्तव्य बन्द भएपछि यहाँका गर्भवती महिलाहरू आफ्नो जीवनको सबैभन्दा संवेदनशील घडीमा गन्तव्यविहीन बनेका छन् ।

सरकारले घरमै सुत्केरी नगरी स्वास्थ्य संस्थाको बर्थिङ सेन्टरमा जाने अभियान चलाउने, तर यहाँ भएको सेवा नै बन्द गरिएको छ । एउटा भरोसा गरेको केन्द्र नै बन्द भएपछि प्रसव पीडामा कसरी अस्पताल पुग्ने स्थानीयहरु भनाइ छ । ज्यानको जोखिम एका तर्फ छ भने महँगो भाडा र कष्टकर यात्रा गरेर अस्पताल पुग्नुपर्ने अवस्था बनेको छ ।

पालिकाले भने लुम्बिनी प्रदेश सरकारले तराईका जिल्लामा सञ्चालित प्रसूति केन्द्रमा महिनामा कम्तिमा ५ जना सुत्केरी गराउनुपर्ने नियम लागू गरेको र यो केन्द्रले लक्ष्य नभेट्टाएकोले सेवा बन्द गरिएको जनाएको छ । यद्यपी प्रसूति बाहेक गर्भवती जाँचलगायत सेवा भने निरन्तर रहेको जानकारी दिएको छ ।

तर आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका को अनुसूची ११ मा नयाँ बर्थिङ सेन्टर स्थापना गर्न तराईका जिल्लामा वार्षिक ४० प्रसूति गराएको हुनुपर्ने उल्लेख भए पनि चलिरहेको र ४० भन्दा कम संख्या भएको केन्द्रलाई बन्द नै गर्नुपर्ने बाध्यात्मक व्यवस्था देखिंदैन ।

सँगै जोडिएको रोहिणीले बन्द गर्दा रुपन्देहीको ओमसतियाले भने सो सेवा बढाएको छ । ओमसतियाले ४० लाखको लागतमा गाउँमै प्रसूति सेवा दिनका लागि सुरक्षित मातृत्व तथा बर्थिङ सेन्टरको भवन समुद्घाटन गरेको छ । प्रदेश सरकारको ४० लाख रुपैयाँ (प्रसूति केन्द्र बजेट) लागतमा निर्माण सम्पन्न भएको उक्त भवनको निर्माणसँगै पालिकामा सुरक्षित प्रसूति सेवा थप प्रभावकारी दिने घोषणा पालिका अध्यक्ष मञ्जित यादवको छ । स्वास्थ्य क्षेत्रलाई गाउँपालिकाले पहिलो प्राथमिकतामा राखेको भन्दै महिला दिदीबहिनीहरुलाई असहज नहोस् र पालिकाभित्रै गुणस्तरीय सेवा मिलोस् भनेर काम अगाडि बढाएको उनको दाबी छ । सामान्य प्रसुतीका लागि बाहिर जानु पर्ने बाध्यतालाई हटाई गाउँमै सुरक्षित सेवा प्रदान गर्न भवनको उद्घाटन भएको छ । स्वास्थ्य केन्द्रकै पुरानो भवनबाट सेवा प्रवाह हुँदै आएकोमा यसले अझै व्यवस्थित रुपमा सेवा प्रदान हुने अपेक्षा छ । ओमसतियाले अब छुट्टै सुविधासम्पन्न नवनिर्मित भवनबाट सुरक्षित मातृत्व, परिवार नियोजन सेवा, प्रसूति सेवा, पोषण तथा ओटीसीलगायतका सेवाहरू प्रवाह गरिनेछ । सेवालाई प्रभावकारी बनाउन हाल एक जना मेडिकल अधिकृतसहित ५ जना स्वास्थ्यकर्मीहरूको व्यवस्था गरिएको छ ।

रोहिणीले खर्च कटौती र सेवाग्राही कम भएकोले बन्द गरेको भन्दै गर्दा छिमेकी पालिका ओमसतियाले लक्ष्य पार गर्न सक्ला त ?, ओमसतिया त झन सदरमुकाम नजिकै रहेको छ ।

रुपन्देहीको दक्षिणी क्षेत्रमा अझै पनि घरमै सुत्केरी गराउने परम्परा छ यसलाई पालिकाले प्रचार प्रसार मार्फत चिर्न सके सबै प्रसूति सेवा स्वास्थ्य संस्थामै गर्न सकिन्छ । स्थानीय विपन्न समुदायका लागि आशाको केन्द्रको रुपमा रहेको सेवाले स्थानीयलाई निराश गर्नुभन्दा पालिकाले मापदण्डअनुसारको सेवाग्राही जोड्न सके सेवा नै बन्द गर्नुपर्ने स्थितिको सृजना रहने थिएन । पालिकाहरूले प्रसूति सेवा विस्तार गरिरहँदा खर्च कटौतीको नाममा आधारभूत स्वास्थ्य अधिकारबाट वञ्चित गराउनुभन्दा कसरी आकर्षण बढाउनेतर्फ ध्यान दिन जरुरी छ । प्रसुति सेवा बन्द भएपछि त्यहाँका पूर्वाधार, उपकरण पनि प्रयोगविहीन भएका छन् ।

# लक्ष्मी मावि बुटवलमा धार्मिक महोत्सवको उद्घाटन




बुटवल । 'शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री शिक्षा' भन्ने नाराका साथ लक्ष्मी माध्यमिक विद्यालय बुटवलले आयोजना गरेको श्रीमद्भागवत सत्संग एवं धार्मिक महोत्सवको शनिबार समुद्घाटन गरिएको छ । कार्यक्रमको प्रमुख अतिथि बुटवल - १२ मुक्तिनाथ धामका संरक्षक १००८ श्री स्वामी लोकानन्द जी महाराजले समुद्घाटन गर्दै मानिसको अन्तर आत्मले चाहेको भगवानले पुऱ्याउने विश्वास व्यक्त गर्दै मानिसको वरिपरि १० दिशामा भगवान बसेर कृपा गरिरहको बताए ।

उनले विद्यालयमा राष्ट्रिय गानपछि हनुमान चालिसा वाचन गर्ने परम्परा बसाल्न सके विद्यार्थीहरुमा धार्मिक आस्था बढ्न सक्ने बताए ।

मानिस धार्मिक आध्यात्मिक हुन सके सबैप्रति प्रेमभाव प्रकट हुने र रिस, राग, द्धेष नरहने बताउँदै स्वामी लोकानन्दले हरेक दिन हनुमान चालिसा वाचन गर्न सबैलाई आग्रह गर्दै सबै मानिसमा प्रेमभाव प्रकट हुन सके इश्वरको साक्षतकार दर्शन मिल्ने बताए । कार्यक्रममा लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले विद्यालयको भौतिक विकासका लागि स्थानीय सरकारको बढी दायित्व हुने बताउँदै समुदाय अभिभावकले पनि साथ दिन अनुरोध गरे । उनले बुटवललाई शिक्षाको हव बनाउने विषयमा लक्ष्मी मावि छुट्न नहुने बताउँदै विद्यालयको विकासका लागि सहकार्य गर्न तयार रहेको बताए ।

अर्का प्रदेशसभा सदस्य विष्णु पन्थीले दानभन्दा ठूलो धर्म अरु नभएको बताउँदै विद्यालयको विकासका लागि सबै बुटवलवासीलाई सहयोग गर्न आग्रह गरे । पन्थीले विद्यालय जस्तो पवित्र ठाउँमा महायज्ञ आयोजना गर्नु पुण्य काम भएको बताए । बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेले विद्यालयलाई प्रविधियुक्त बनाउन विद्यालयको सम्पूर्ण विकास आवश्यक रहेको बताए । दक्ष जनशक्ति, भौतिक विकास लक्ष्मी माविको आजको आवश्यकता रहेको बताउँदै प्रमुख पाण्डेले प्रदेश सरकार र संघीय सरकाले पनि सहयोग गर्नुपर्ने बताए । स्थानीय सरकारका हिसाबले लक्ष्मी माविलाई सक्दो बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले बुटवलको शैक्षिक विकासका लागि सञ्चारमाध्ययमको पूर्ण साथ रहेको बताए । रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले लक्ष्मी माविमा अध्ययन गरेका विद्यार्थी सफल उद्योगी बनेर निस्किने वातावरणका साथ अध्यापन गराउनुपर्ने बताए । विद्यालयका प्राधानाध्यापक शान्ति शर्माले शैक्षिक क्षेत्रमा प्रविधिले फड्को मारेको अवस्थामा धेरैजसो मजदुरी गरेर जीवीकोपार्जन गर्ने अभिभावकका छोराछोरी अध्ययन गर्ने विद्यालयको विकास गरी युग सुहाउँदो शिक्षा प्रदान गर्न आर्थिक अभाव भएपछि महायज्ञ आयोजना गरिएको बताइन् ।

महायज्ञ मूल समारोह समिति आाथिक संयोजक तथा वडा नं. ४ का निवर्तमान अध्यक्ष टंकप्रसाद पराजुलीले महायज्ञबाट ३ देखि ४ करोड रुपैयाँ संकलन हुने अपेक्षा राखेको बताउँदै उक्त रकम विद्यालयको विकासका लागि खर्च गरिने जानकारी दिए । उनले शैक्षिक महोत्सव आयोजनाका लागि बुटवलवासीको दरिलो साथ रहेको बताउँदै सबैलाई महायज्ञमा सहभागी हुन आग्रह गरे । पराजुलीले महायज्ञ सफल बनाउन २ सय ५१ सदस्यीय मूल समिति, ११ सदस्यीय सचिवालय समिति गठन गरेको जानकारी दिँदै महायज्ञमा दान दिने महानुभावलाई विभिन्न १५ प्रकारका सम्मान कार्यक्रम राखिएको बताए । बुटवल - ४ का वडा अध्यक्ष नरिश्वर शर्मा पौडेलले महायज्ञले विद्यालयको उन्नयनमा विशेष योगदान पुग्ने हुँदा सबै क्षेत्रबाट उल्लेख्य सहयोग प्राप्त हुनेमा आफू विस्वस्त रहेको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुमाया श्रेष्ठले शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री शिक्षाको उन्नयन, सामाजिक, धार्मिक तथा आर्थिक पक्षलाई बलियो बनाउन धार्मिक महोत्सव आयोजना गरिएको बताउँदै शिक्षा जस्तो पवित्र ठाउँमा एकपटक आएर कथावाचन श्रवण गरी सक्दो सहयोग गर्न बुटवलवासीलाई अनुरोध गरिन् । महायज्ञमा दैनिक सुप्रसिद्ध कथावाचक पण्डित चन्द्रकान्त काफ्लेको मुखारविन्दुबाट दिव्य संगीतमय श्रीमद्भागवत कथावाचन हुनेछ ।

महोत्सव अवधिभर दैनिकरुपमा बिहान ७ बजे यज्ञ मण्डप पूजा, बिहान ८ बजेदेखि ११ बजेसम्म श्रीमद्भागवत पाठपारायण, रुद्राभिषेक, चण्डीपाठ, वेदपाठ पारायण हुनेछ । त्यस्तैगरी दिउँसो ४ बजेपछि टीकाप्रसाद ग्रहण, साँझ ६ बजेदेखि श्रृङ्गारिक महाआरती हुनेछ । सोही अवसरमा धर्म, शिक्षा र समाज उत्थानमा योगदान गर्ने महानुभावहरुलाई विशेष सम्मान समेत गरिनेछ । बुटवलकै गहना र पर्यटकीय गन्तव्यका रुपमा परिचित बुटवल - ४ स्थित लक्ष्मी माध्यमिक विद्यालय २०३७ सालमा स्थापना भएको हो । विद्यालयले पहिलो पटक महायज्ञ गर्न लागेको हो ।

महायज्ञमा करिब १२ लाख खर्च हुने र ४ करोडको संकलन हुने अनुमान गरिएको छ । उक्त विद्यालयमा अंग्रेजी र नेपाली माध्यमबाट २ सय १६ जना विद्यार्थीहरुले अध्ययन गर्दै आएका छन् ।

कार्यक्रममा विद्यालयका पूर्व अध्यक्ष तथा निमन्त्रणा समितिका संयोजक नारायणप्रसाद नागिला, कलशयात्रा संयोजक अम्बिका पौडेल क्षेत्री, विद्यालयका शिक्षक विनोद बेल्बासेलगायतले महायज्ञको अवलोकन गर्न र बुटवलको शिरमा बसेर भागवत श्रवण गर्न निमन्त्रणा गरेका छन् । विद्यालय प्रांगणमा महायज्ञ आयोजना गरिएपछि लक्ष्मीनगर गेटदेखि विद्यालयसम्मै ध्वजापतकाले सिगारिएको छ ।

महोत्सवको समुद्घाटन अघि बिहान ज्योतिनगर दिदीबहिनी समूहको नौमति पञ्चेबाजाको साथमा बुटवलको ट्राफिकचोक, राममन्दिर लाइन, जेसीजचोक, ज्योतिनगर हुँदै विद्यालय प्राङ्गणसम्म भव्य सहभागिताका साथ कलशयात्रा गरिएको थियो । महायज्ञ उद्घाटनको पहिलो दिनमै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुमाया श्रेष्ठबाट रु ५ लाख ५५ हजार ५ सय ५५ प्रदान भएको छ । यस्तैगरी विद्यालयका प्रधानाध्यापक शान्ति शर्माले रु १ लाख १ हजार १ सय ११ सहयोग गरेकी छन् । उद्घाटनका दिन रु ७ लाख ६१ हजार ७ सय नगद र खाद्यान्न र जिन्सीलगायतका विभिन्न सामानहरु दाताहरुबाट उदार मनका साथ सहयोग प्राप्त भएको छ ।

## आँखा शिविरमा अधिकांशमा मोतियाविन्दुको समस्या, निःशुल्क शल्यक्रिया



भैरहवा । शनिबार बिहानैदेखि रुपन्देहीको कोटहीमाई-५ मझगावामा आँखाका समस्या लिएर सयौँ वृद्धहरु देखिन्थे । कोही एक्लै त कोही सहयोगीका साथ आँखा जाँच गराउनका लागि आएका थिए । रोटरी क्लब अफ सेन्ट्रल लुम्बिनीले दशौं स्थापना दिवसको अवसरमा शिविर राखेकाले आँखा जाँचका लागि त्यो भिड थियो ।

कोही भैरहवा उपचार गर्न टाढा भएकोले नगएको सुनाए भने कोही आर्थिक अवस्था र सहयोगी नभएकोले शिविर आउने आशमै बसिरहेको भेटिए । यही शिविर आए आँखा जाँच गराउने मनसायले बसिरहेकी नुरजहाँको प्रारम्भिक जाँचबाट नै मोतियाविन्दु भएको पत्ता लाग्यो ।

शनिबारको शिविरमा मर्चवारमा गरिएको जाँचमध्ये ९० प्रतिशतमा मोतियाविन्दुको समस्या देखिएको उपचारमा संलग्न दृष्टि विशेषज्ञ दिपेन्द्र यादवले बताए । उनले केहीमा मासु पलाएको र अन्य समस्या देखिए पनि अधिकांशमा मोतियाविन्दु नै समस्या रहेको बताए ।

'नियमित रुपमा आँखा जाँच नगराउँदा यहाँका बासिन्दामा आँखामा धेरै समस्या देखिएको छ, अस्पतालसम्म पहुँच नपुगेको कारण धेरै समस्या देखिएको छ भने केही आर्थिक कारणले पनि समस्या बोकेर हिंड्ने गरेको पाइएको छ ।'-विशेषज्ञ यादवले भने ।

यो जुनसुकै उमेरलाई हुने भए पनि यहाँ अधिकांश ५०-६० वर्ष उमेर समूहका महिलाहरुमा बढी देखिएको छ , यसबाट जोगिनका लागि नियमित आँखा जाँच गराउनु, धुलोधुवाबाट जोगिनु, अधिक तापक्रममा नबस्नु हो । जनचेतना अभावले पनि समस्याहरु बढ्दै गएका छन्, पुरुषहरुले स्क्रीनिङ गराउने, तर महिलाहरु पहुँचमा नपुगेको कारण पनि शिविरबाट धेरै जना लाभान्वित हुने गरेका छन् ।

शिविरमा आँखा जाँचसहित औषधी वितरण र आवश्यक परे शल्यक्रिया पनि गरिने छ । शिविरमा ६ सय बढीले सेवा लिई २ सय ५० जनाको मोतियाविन्दुको शल्यक्रियाका लागि योग्य रहेकोले निःशुल्क शल्यक्रिया गरिने क्लबका अध्यक्ष विष्णु शर्माले जानकारी दिए । मोतियाविन्दु यस क्षेत्रबाट उन्मूलन गर्न नसके पनि यस्ता कार्यक्रमले निवारण हुने हुँदा सरकारी पक्षबाट पनि काम गर्न जरुरी रहेको उनले बताए ।

रुपन्देहीको मर्चवार क्षेत्रका अधिकांशको आँखामा मोतियाविन्दुको समस्या देखिएपछि मोतियाविन्दु निवारण गर्न नै शिविर चलाएको हो । रोटरीको अभियानले अहिले आँखा स्वास्थ्यमा काम गरिरहेको छ, सोहीअनुसार क्लबको १०औँ स्थापना दिवसको अवसरमा यो कार्यक्रम गरिएको अध्यक्ष शर्माले जानकारी दिए ।

रोटरीको प्रस्तावित सामुदायिक आँखा उपचार केन्द्र मझगावा परिसरमै शिविर गरेको हो । शिविरबाट परीक्षण गरी मोतियाविन्दु देखिएमा लुम्बिनी नेत्रालयको प्राविधिक सहकार्यमा क्लबले निःशुल्क अप्रेशन समेत गर्ने छ । शल्यक्रिया नयाँ प्रविधिअनुसार 'टपिकल फेको' विधिबाट गरिने छ ।

# देवदहमा व्यापार मेलाको तयारी

देवदह । रुपन्देहीको देवदहमा आउँदो पुस अन्तिम सातादेखि दशौं राष्ट्रिय देवदह औद्योगिक व्यापार मेला तथा कृषि तथा पर्यटन महोत्सव हुने भएको छ । उद्योग व्यापार संघ देवदहको आयोजनामा हुने महोत्सवको तयारी तीव्र बनाइएको छ । 'राष्ट्रिय स्वाधिनताको लागि राष्ट्रिय अर्थतन्त्र, राष्ट्रिय अर्थतन्त्रका लागि राष्ट्रिय औद्योगिकीकरण तथा व्यापार विविधिकरण' नाराका साथ पुस २३ गतेदेखि आयोजित महोत्सव माघ ६ गतेसम्म चल्नेछ ।

मेला आयोजक समितिका संयोजक तथा देवदह उद्योग व्यापार संघका अध्यक्ष गणेशकुमार खातीले महोत्सवले देवदहको ऐतिहासिक सांस्कृतिक, धार्मिक, कृषि एवं पर्यटकीय स्थलहरुको प्रचारप्रसारलाई विशेष जोड दिइने बताए । महोत्सव करिव ५ लाख दर्शकले अवलोकन गर्ने र ११ करोड बढीको कारोबार हुने अनुमान गरिएको छ ।

महोत्सवमा कृषि, गार्मेन्ट, हस्तकला, स्थानीय उत्पादनलाई प्रोत्साहन तथा बजारीकरण गर्न महोत्सवले भूमिका खेल्ने खातीले बताए । देवदह उद्योग व्यापार संघका संस्थापक अध्यक्ष गोविन्द ठडराइले यो वर्षको महोत्सव फरक र नयाँपन प्रदान गर्ने गरी आयोजक अघि बढेको जनाए ।

संस्थाका सचिव धनबहादुर कुँवरले आकर्षक प्रवेश द्धारसहित देवदह आइडल, देवदह गायक प्रतिष्पर्धा, भजन मण्डलीका साथ विभिन्न राष्ट्रिय तथा स्थानीय कलाकारको हरेक दिन प्रस्तुति रहने बताए । देवदहमा २०७१ देखि निरन्तर व्यापार मेला हुँदै आएको छ ।

# वीरगाथा सहकारीको १६औं साधारणसभा



बुटवल । भूतपूर्व र सेवारत भारतीय सैनिक र उनीहरुका श्रीमती मात्रै आबद्ध रहेर सञ्चालित वीरगाथा बचत तथा ऋण सहकारी संस्था बुटवलको १६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

शनिबार भएको साधारणसभामा प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष क्याप्टेन राजबहादुर थापाले २०६६ सालमा ३० जनाबाट शुरु भएको संस्थामा हाल १५ सय ८१ जना शेयर सदस्य पुगेका र आर्थिक वर्ष २०८१-८२ को आर्थिक विरणअनुसार शेयर पुँजी ३ करोड ७५ लाख ८१ हजार रहेको,४३ करोड १० लाख बढी बचत संकलन, करिब ३० करोड रुपैयाँ ऋण लगानीमा रहेको जानकारी गराए । संस्थाले आफ्ना शेयर सदस्यहरुलाई विभिन्न व्यवसायिक र सीपमूलक तालिम दिने गरेको र त्यसबाट सदस्यहरुले अचार, सर्फ, फिनेल, ह्याण्ड वासलगायत वस्तु उत्पादन र बिक्री गरिरहेको बताए ।

संस्थाले शेयर सदस्य सुत्केरी हुँदा बच्चाको नाममा ५ हजार दिएर बाल बचत खाता खोलिदिएर बचत गर्ने बानीको विकास गराएको तथा सदस्यको मृत्यु हुँदा ४० हजार रुपैयाँ राहत दिने गरेको संस्थाकी उपाध्यक्ष गीतारानी बलालले बताइन् । साधारणसभामा कर्णेल टानबहादुर गुरुङ, बुटवलका पूर्व मेयर एवं संस्थाका सल्लाहकार रुपसिंह थापा, निवर्तमान अध्यक्ष एवं सल्लाहकार क्याप्टेन जनक थापा, सहकारी सञ्जाल शुद्धोधनका अध्यक्ष लेखबहादुर खत्री, सहकारीकी उपाध्यक्ष गितारानी बलाललगायतले आफ्ना भनाइ राखेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com